राप्ती गाउँपालिकाको आ.व. २०८०/८१ को पहिलो गाउँ कार्यपालिका बैठक, श्रावण २२, २०८०

आज मिति २०८० साल श्रावण २२ गते सोमबारका दिन यस गाउँपालिकाका प्रमुख श्री प्रकाश बिष्टज्यूको अध्यक्षतामा [illegible]को उपस्थितिमा गाउँकार्यपालिकाको आ.व. २०८०/८१ को पहिलो बैठक बसी देहाय बकोजिमको निर्णयहरु निर्णय गरियो।

| क्र.स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश बिष्ट | |
| २ | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३ | सचिव/ प्रमुख प्रशासकीय अधिकृत | श्री नेब बहादुर वली | |
| ४ | वडा अध्यक्ष | श्री गेमे खड्का | |
| ५ | वडा अध्यक्ष | श्री पहलवान चौधरी | |
| ६ | वडा अध्यक्ष | श्री ~~[illegible]~~ उमेश अधिकारी | |
| ७ | वडा अध्यक्ष | श्री विर बहादुर चौधरी | |
| ८ | वडा अध्यक्ष | श्री देव प्रसाद चौधरी | |
| ९ | वडा अध्यक्ष | श्री दिपक कुमार चौधरी | |
| १० | वडा अध्यक्ष | श्री सिताराम चौधरी | |
| ११ | वडा अध्यक्ष | श्री चन्द्र बहादुर गुरुङ | |
| १२ | वडा अध्यक्ष | श्री रिम बहादुर सुनारी मगर | |
| १३ | गाउँ कार्यपालिका सदस्य | श्री पार्वती सुवेदी | |
| १४ | गाउँ कार्यपालिका सदस्य | श्री चम्फा भुसाल | |
| १५ | गाउँ कार्यपालिका सदस्य | श्री रण बहादुर फुजाली सार्की | |
| १६ | गाउँ कार्यपालिका सदस्य | श्री गिता चौधरी | |
| १७ | गाउँ कार्यपालिका सदस्य | श्री सावित्री चौधरी | |
| १८ | गाउँ कार्यपालिका सदस्य | श्री संजिव परियार | |

आमन्त्रित:

| क्र.स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | बासुदेव खनाल | अधिकृत | |
| २ | बाल चन्द्र गुरुङ | सूचना प्रविधि अधिकृत | |
| ३ | सीता पौडेल. | रोजगार सहायक | |
| ४ | जीवराज पौडेल | पि. । वे. अ. | |
| ५ | नारायण राउत | स्वा. शा. प्रमुख | |
| ६ | तुलबहादुर कुंवर मगर | लेखा | |

राप्ती गाउँपालिकाको आ.व. २०८०/८१ को पहिलो गाउँ कार्यपालिका बैठक, श्रावण २२, २०८०

**आ.व. २०८०/८१ को प्रथम गाउँ कार्यपालिका बैठकको प्रस्ताव एवं निर्णयहरु:**

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | संवेदना प्रकट सम्बन्धमा | कार्यपालिका सदस्य श्री रण बहादुर पुजाली सार्कीको धर्मपत्नी श्री भुमा वि.क. को मिति २०८०।०४।१४ गते भएको असामयिक निधन प्रति राप्ती गाउँपालिकाको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली सहित शोक सन्तप्त परिवारमा गहिरो संवेदना प्रकट गर्ने । |
| २ | अघिल्लो आ.व.मा कार्यपालिका बैठकले गरेको निर्णयहरुको कार्यान्वय अवस्था बारे समिक्षा | आ.व. २०७९/८० मा कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल तथा समिक्षा गरियो । |
| ३ | वार्षिक खरिद योजना र कार्यान्वयन कार्यतालिका | आ.व. २०८०/८१ को वार्षिक खरिद योजना स्वीकृत गर्ने । वार्षिक खरिद योजना कार्यान्वयनका लागि योजना तथा कार्यक्रम कार्यान्वयन तालिका स्वीकृत गर्ने । |
| ४ | गाउँपालिकाको सवारी साधन प्रयोग सम्बन्धमा | राप्ती गाउँपालिकाको नाममा रहेको सवारी साधनलाई बिदाको दिनमा प्रयोग गर्ने सन्दर्भमा जनप्रतिनिधि तथा कर्मचारीहरुले गाउँ कार्यपालिकाको कार्यालयबाट अनुमति लिई चलाउन सकिने र जिल्ला बाहिर जानु परेमा जि.प्र.का. बाट पास माग गरी प्रयोग गर्नुपर्ने । निजी तथा घरायसी प्र्रायोजनका लागि आपतकालिन अवस्थामा बाहेक अन्य काममा प्रयोग नगर्ने । |
| ५ | भूमि सम्बन्धी कर्मचारी व्यवस्थापन सम्बन्धमा | भूमि सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुलाई यही २०८० साल मंसिर मसान्तसम्म सम्पूर्ण वडाको नापजाँच तथा अन्य फिल्ड वर्क सम्पन्न हुने गरी काममा खटाउने तथा उक्त काम भए नभएको दैनिक अनुगमनका लागि भूमि सेवा केन्द्रका प्रमुख तथा सम्बन्धित जनप्रतिनिधिज्यूहरुलाई जिम्मेवारी दिने । फिल्डमा कुनै कर्मचारीबाट सन्तोषजनक काम नभएमा सोही बमोजिम कर्मचारीलाई आवश्यक कार्वाही गर्ने । |
| ६ | उपचार खर्च सम्बन्धमा | राप्ती गाउँपालिका वडा नं ५ सिंगे निवासी मिना वि.क. भारत चण्डिगढ स्थित नेहरु अस्पतालमा उपचारमा रहेकोमा आर्थिक स्थिती निकै कमजोर रहेकोले उपचारमा सहयोगका लागि ५ नं वडाको च.न. १०० मिति २०८०।०४।२१ को सिफारिस अनुसार अनुसार निजको उपचारमा सहयोगका लागि आर्थिक सहयोग रकम रु. २५०००।- उपलब्ध गराउने । |
| ७ | अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण सम्बन्धी कार्यविधि २०८० | अपाङगता भएका व्यक्तिहरुको परिचयपत्र वितरण सम्बन्धी कार्यविधि २०८० स्वीकृत गर्ने । |
| ८ | ज्येष्ठनागरिक मञ्च गठन तथा सञ्चालन कार्यविधि २०८० | जेष्ठनागरिक मञ्च गठन तथा सञ्चालन कार्यविधि २०८० स्वीकृत गर्ने । |
| ९ | बालमैत्री वडा घोषणा कार्यविधि २०८० | बालमैत्री वडा घोषणा कार्यविधि २०८० कार्यविधि २०८० स्वीकृत गर्ने । |
| १० | निःशुल्क एम्बुलेन्स सञ्चालन सम्बन्धमा | यस गाउँपालिकाका ८० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरु, गर्भवती तथा सुत्केरी, बेसाहारा, अपाङ्ता भएका ब्यक्ती ("क" र "ख" वर्ग) र सडक दुर्घटनाका घाईते ब्यक्तीहरुलाई राप्ती गाउँपालिकाभित्रका स्वास्थ्य चौकीसम्मको पहुँचका लागि पालिकाबाट |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | निःशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने। |
| ११. | **फार्मेसी सञ्चालन सम्बन्धमा** | सर्वसुलभ तरिकाले फार्मेसी सेवा संचालनका लागि राप्ती आधारभुत अस्पताल सिसहनियामा फार्मेसी सञ्चालनका आवश्यक व्यवस्था गर्न निर्देशन दिने निर्णय गरियो। |
| १२. | सरसफाई व्यवस्थापन तथा स्रोत केन्द्र सञ्चालन सम्बन्धमा | राप्ती गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०।०१।२८ को निर्णय तथा मिति २०८०।०१।३१ गते युगबोध राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार फोहोरमैला तथा सरसफाई व्यवस्थापनका लागि खुल्ला प्रस्ताव आह्वान गरिएकोमा तोकेको समायवाधीभित्र दाखिला हुन आएको एक मात्र प्रस्तावदाता Eco family Pvt. Ltd. कृष्णमन्दिर रोड ११ हेटौडा मकवानपुरबाट प्राप्त भएको प्रस्ताव मूल्याङ्कन समितिको सिफारिस अनुसार सारभुत रुपमा प्रभावग्राही भएकोले हाललाई उक्त कम्पनीसँग समुझौताको अधिनमा रहि तपसिल बमोजिमका सर्त र सम्झौताको अधिनमा रहि १५ वर्षका लागि सम्झौता सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप सम्झौता गरी कार्य अगाडी बढाउने।<br>१. पालिकाभित्र सामान खरिद गर्नुपर्दा पालिकाभित्रका वासिन्दा र यस कार्यालयले २५ प्रतिशत छुट दोस्रो पक्षले दिनुपर्ने।<br>२. रोजगारीमा स्थानीयलाई प्राथमिकता दिनुपर्ने।<br>३. हरित पालिकाको अवधारणलाई लागु गर्नुपर्ने।<br>४. सरसफाईका विभिन्न अभियानहरु सञ्चालन गर्ने।<br>५. कर तथा राजश्व समयमा नै दाखिल गर्नुपर्ने।<br>६. फोहोरमैला स्रोतमै वर्गिकरण गरी उठाउने र व्यवस्थापन गर्ने।<br>७. पालिकाले संरचना निर्माण तथा भौतिक पूर्वाधारको व्यवस्था गरिदिने।<br>८. पालिकाले सामान्य सरसफाई व्यवस्थापन खर्च व्यहोरिनु पर्ने।<br>९. सरसफाई शुल्क पालिकामा जम्मा गर्नुपर्ने।<br>१०. फोहोरमैलासँग सम्बन्धित उद्योग स्थापना दोस्रो पक्षले गर्नुपर्ने र सोको सबै लागत दोस्रो पक्षले व्यहोरिनुपर्ने। |
| १३ | छुट भएका भूमिहिन दलित भूमिहिन सुकम्बासी तथा अव्यवस्थित बसोबासीका लागि निस्सा प्रदान गर्न सूचना प्रकाशनका लागि अनुरोध गर्ने | राप्ती गाउँपालिकाभित्र छुट भएका भूमिहिन दलित भूमिहिन सुकम्बासी तथा अव्यवस्थित बसोबासीका लागि निस्सा प्रदान गर्न सूचना प्रकाशन गर्ने प्रयोजनको लागि राष्ट्रिय भूमि आयोग समिति दाङ तथा राष्ट्रिय भूमि आयोग ताहाचललाई सूचना आव्हानका लागि अनुरोध गर्ने |
| १४ | श्रीनारायण चोकदेखि देवीकोट-स्वर्गद्धवारी सडक(गणतन्त्र मार्ग) को EIA सम्बन्धमा | श्रीनारायण चोकदेखि देवीकोट-स्वर्गद्धवारी सडक(गणतन्त्र मार्ग) को EIA हालसम्म पनि सम्पन्न नभएकोले रणनैतिक बाटो निर्माणको कार्यमा कठिनाई भएकोले उक्त प्रक्रिया याथासिघ्र टुङ्ग्याई निर्माण कार्य तिव्र गतिमा सम्पन्न गर्न श्री सडक विभाग ललितपुर र राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समिति खुमलटार ललितपुरलाई अनुरोध गर्ने। |
| १५ | राप्ती गाउँपालिकाको पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०७९ संशोधन सम्बन्धमा | राप्ती गाउँपालिकाको पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०७९ को संशोधन प्रस्ताव स्वीकृत गर्ने। |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १६ | राप्ती गाउँपालिकाको प्रतिक चिन्ह ( लोगो छनोट ) सम्बन्धमा | राप्ती गाउँपालिकाका लागि प्रस्तावित माग भएका लोगो (प्रतिक चिन्ह) को मुल्याङ्कनका लागि तपशिल बमोजिम कार्यपालिका सदस्यज्यूहरुलाई जिम्मेवारी दिने निर्णय गरियो।<br>श्री प्रकाश बिष्ट- संयोजक<br>श्री कमलापति चौधरी- सदस्य<br>श्री नेब बहादुर वली – सदस्य<br>श्री पहलवान चौधरी- सदस्य<br>श्री उमेश अधिकारी- सदस्य<br>श्री बिर बहादुर चौधरी- सदस्य<br>श्री देव प्रसाद चौधरी- सदस्य<br>श्री दिपक चौधरी- सदस्य<br>श्री बाल चन्द्र गुरुङ |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी